## मिति २०७७।०८।११ गतेको ९६ औ कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १** : वातावरण विभागको च.नं. २७६ मिति २०७७/०७/२७ को प्राप्त पत्र अनुसार माग भएको वातावरण मैत्री शहरी वृक्षारोपण अभियान (उद्यान निर्माण) प्रस्तावका सन्दर्भमा यस नगरपालिकाले गत आर्थिक वर्षमा नै घण्टाघर अगाडिको खुला चौर (हाल क्वारेन्टाईन रहेको स्थान) लाई खुला पार्कको रुपमा विकास गर्ने कम्पाण्ड वाल निर्माण गरि पार्क निर्माणको आधार तयार गरेको स्थानमा "आर्थिक वर्ष २०७७/७८ मा स्थानीय तह सँगको साझेदारीमा गरिने सबै प्रकारका पार्क/उद्यान/सौन्दरयीकरण निर्माण सम्बन्धी कार्यविधि,२०७७" बमोजिम यस नगरपालिकाको चालु आर्थिक वर्षको पूर्वाधार विकास तर्फको (पेज न ३३) २० प्रतिशत लागत सहभागिता रहने गरी उद्यान निर्माणका लागि विभाग समक्ष प्रस्ताव पेश गर्ने ।

**निर्णय नं. २** : (क) कर्णाली प्रदेशको राजधानीको रुपमा रहेको यस नगरको रणनैतिक महत्वको रुपमा रहेका देहायका योजनाहरुलाई संघीय सरकारको सशर्त,समपुरक र विशेष बहुवर्षिय आयोजनाका रुपमा समावेश गरिदिन बजेट तथा कार्यक्रम स्वीकृतीका लागि संघीय सरकारसँग अनुरोध गर्ने ।

<u>देहाय</u>

१. नगर स्तरिय खानेपानी आयोजना

२. उपत्यका चक्रपथ निर्माण आयोजना

३. उपत्यका ढल निकास आयोजना

४. फोहरमैला व्यवस्थापन आयोजना

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ९६ मिति २०७७/०८/११
को निर्णय प्रमाणित।

Scanned with CamScanner

(ख) वीरेन्द्रनगर नगरपालिकाको व्यवस्थित पूर्वाधार विकासका लागि महत्वपुर्ण आधारका रुपमा रहेका देहायका नगर महत्वका आयोजनाहरुलाई बहुवर्षिय आयोजनाका रुपमा समावेश गरि बजेट तथा कार्यक्रम स्वीकृतीका लागि संघिय सरकार र प्रदेश सरकारसँग अनुरोध गर्ने ।

**देहाय**

| वडा नं. | आयोजनाको नाम | कै |
|---|---|---|
| १ | रत्न राजमार्ग – पोखरी विधालय – पानी टंकी सडक स्तरोन्नती | |
| २ | बाङ्गेसिमल – कोलडाँडा – भूरेली सडक | |
| ३ | बौद्धचोक – पतेनी – जैपुर सडक स्तरोन्नती | |
| ४ | रत्न राजमार्ग – खार्केखोला करिडोर – शहिद पार्क सडक | |
| ५ | कालिका मन्दिर – बैधडाँडा सडक | |
| ६ | गणेश चोक – पिपल चौतारा – मंगलगढि (मुख्य बजार क्षेत्र) सडक स्तरोन्नती | |
| ७ | सुनौलो टोल उत्तर – नौलो सुधार टोल जोड्ने सडक स्तरोन्नती | |
| ८ | शुभ मार्ग स्तरोन्नती | |
| ९ | स्याउले बजार – शिव मा वी – चाँदनी चौकी सडक | |
| १० | भेरी – बामेखोला सडक | |
| ११ | ललित मार्ग – वडा कार्यालय – रत्न राजमार्ग सडक | |
| १२ | गैरीटोल पानी टेक्डी – श्री नगर चोक – थापा निवास सडक स्तरोन्नती र कालोपत्रे | |
| | तिनकुने चोक – रत्न राजमार्ग – सुर्खेत विमानस्थल सडक सतह ढल र कालोपत्रे | |
| | पृतना खोरिया सडक र थक्रेनी खानपानी निर्माण | |
| १३ | सहकारी चोक – करेखोला – आँपचोक सडक | |
| | नेवारेखोला – आँपचोक – रतु सडक | |
| १४ | छेडा – बागखोर – बयलकाँडा सडक स्तरोन्नती | |
| १५ | दोबिल्ला – निगालपानी – डल्लेखाली – सोलीघोप्टे सडक | |
| १६ | झुप्रा खोला – टिमुरकोट – वडा कार्यालय – भ्यु चुला सडक | |

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या १६ मिति २०७७।०८।११
को निर्णय प्रमाणित।
(हस्ताक्षर)

Scanned with CamScanner

(ग) वीरेन्द्रनगर नगरपालिकाको एकिकृत विकासमा महत्वपुर्ण टेवा पुर्याउने देहायका नगर महत्वका योजनाहरु कार्यान्वयनमा बजेट व्यवस्था हुन संघीय सरकार र प्रदेश सरकारसँग अनुरोध गर्ने ।

**१.पर्यटन प्रवद्‍धन तर्फ**

देउती बज्यै,काक्रेंबिहार,बुलबुले स्तरोन्नती,घण्टाघर खुल्ला चौर पार्क,बाँगेसिमल बाल उधान, जर्बुटा डाँडा, रानीघाटलाई प्रदेशकै महत्वपुर्ण पर्यटन तथा धार्मिक गन्तव्य स्थलको रुपमा विकास गर्ने ।

**२.शहरी सौन्दर्य**

रत्न राजमार्ग अन्तर्गत धुलियाबिट - बाँगसिमलका साथै नगरका सार्वजनिक महत्वका स्थान र सरकारी तथा प्रशासनिक क्षेत्रको सडकमा फुटपाथ/हरियाली,सिसि क्यामरा जडान, सडक बत्ति तथा टावर लाईटको व्यवस्थापन गर्ने ।

**निर्णय नं. ३** :(क) यस नगरपालिकाका तपसिलका वडाहरुले गत आर्थिक वर्ष २०७६/०७७ मा अधुरो रहेका निम्न योजनाहरुलाई चालू आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न शिर्षकमा विनियोजित बजेटबाट तत्काल काम गर्नुपर्ने कारण देखाई काम समेत गरि भुक्तानीका लागि वडा कार्यालयले पठाएको सन्दर्भमा वडा समितिबाट प्रस्तावित निम्न बजेट शिर्षकमा योजनाको नाम थप गरि योजना अनुगमन तथा सुपरिवेक्षण समितिको सिफारिस बमोजिम भुक्तानीको प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

**तपशिल**

**वडा नं. ३**

**थप हुने योजना नाम** वडा कार्यालय पाटेशन निर्माण **प्रस्तावित बजेट** १५,८०,०००।००

**बजेट श्रोत** पूर्वाधार विकास तर्फको वडा कार्यालय तला थप (९३२३) को टेण्डरबाट बचेको रकम रु.७,७९,५७८।०० र पूर्वाधार तर्फको रोकायको घर हुँदै वडा कार्यालय जाने बाटोमा पक्की नाला निर्माण (५०३१) को टेण्डरबाट बचेको रकम रु.८,००,४२२।००

वीरेन्द्रनगर कार्यपालिकाको बैठक संख्या ५६ मिति २०७७/०८/११ को निर्णय प्रमाणित।

Scanned with CamScanner

**वडा नं. ८**

**थप हुने योजनाको नाम** म.प. विश्वविद्यालय रजिष्टार कार्यालय देखि कर्णबहादुर श्रेष्ठको घर हुँदै सिमलचोक जोडने सडक र यूवराज शाहीको घर लाईनको सडक कालोपत्रे ।

**बजेट श्रोत** घण्टाघर आचार्यको चिया पसल सडक निर्माण वडा नं. ८ बाट कटौती हुने गरि

(ख) नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रम बाहेकका अन्य नयाँ योजना थप तथा संशोधन गर्दा कार्यपालिकाबाट आयोजनाको सूची अनिर्वाय स्वीकृत गराई सो को समर्थनका लागि आगामी सभामा पेश गर्ने ।

(ग) कार्यालयबाट हाल सम्म पूर्वाधार तर्फ भएका बोलपत्र र सम्झौताको अवस्था बारेमा कार्यपालिका बैठकमा जानकारी भयो । वडागत र नगरपालिका स्तरीय टेण्डर र उपभोक्ता समिति गठन गर्न बाँकी योजनाहरु तत्काल कार्यान्वयन गर्ने/गराउने ।

बीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ३६ मिति २०७६।०८।११
को निर्णय प्रमाणित।

Scanned with CamScanner

(घ) नगर स्तरिय अनुगमन तथा सुपरिवेक्षण समिति र कर्मचारी बैठकमा छलफल भई पेश भएका देहाय बमोजिमको आयोजना अनुगमन प्रतिवेदन र भुक्तानीका लागि तय गरिएको सिफारिस ढाँचालाई स्वीकृत गरी सबै वडामा एकरुपता कायम गरि तुरुन्त लागु गर्ने ।

**देहाय**

१. भुक्तानीका लागि तय गरिएको सिफारिस ढाँचा

## वीरेन्द्रनगर नगरपालिका
## ..... नंवडा . कार्यालय
*वीरेन्द्रनगर, सुर्खेत*

मितिः

भुक्तानी आदेश नम्बरः

**श्री प्रमुख प्रशासकीय अधिकृत,**

**वीरेन्द्रनगर नगरकार्यपालिकाको कार्यालय, सुर्खेत ।**

**विषयः भुक्तानीको लागि सिफारिस गरिएको ।**

चालु आर्थिक वर्ष २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार सम्झौता भई कार्यसम्पन्न भएको देहाय बमोजिम कार्यक्रमको लागि देहायका सक्कल कागजात यस वडामा रुजु गरि पठाईएको हुँदा पत्रवहाकलाई चेक उपलब्ध गराईदिनुहुन यो सिफारिस गरिएको छ ।

**देहायः**

योजना/कार्यक्रमको नामः

योजना पुस्तिकाको पृष्ठ संख्या, विषयगत शिर्षक र क्रम संख्याः

लागत अनुमान मूल्याकंन अंक

आयोजना सम्झौता मितिः कार्य सम्पन्न गर्नुपर्ने मितिः

कार्य सम्पन्न भएको मितिः

पेश्की वा रिनङ वील रकम

भुक्तानी गर्नुपर्ने पाटीको

सक्कल बिलको भ्याट रकम कन्टेन्जेन्सी रकम

अग्रीम आयकर कट्टी रकम बहाल कर कट्टी रकम

आयकर कट्टी गर्नुपर्ने रकमः

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ५८ मिति २०७७।०८।११
को निर्णय प्रमाणित

Scanned with CamScanner

भूक्तानीकालागि सिफारिश भएको रकम रु______

अनुगमन गरिएको मिति र पदाधिकारीको नामः

उपभोक्ता समिति भए अध्यक्षको नामः

**<u>संलग्न कागजातहरुः</u>**

क) आयोजनाको स्टिमेट कागजात

ख) आयोजना सम्झौता कागजात

ग) आयोजनाको अनुगमन प्रतिवेदन कम्तीमा २ वटा फोटो सहित

घ) आयोजनाको अन्तिम बिल

ङ) डोर हाजिरीको पाना थान

खरिदको हकमाः (माग फारम वा खरिद निर्णय, खरिद आदेश, दाखिला रिपोर्ट, सक्कल भ्याट बिल, बुझाउनुपर्ने भएमा बुझाएको भर्पाई आदि)

**नोट** :-भुक्तानी सिफारिस रकम सीमा रु.५०००। -भन्दा माथि मात्र गर्ने । सानातिना भुक्तानि पेशकी मार्फत गर्ने ।

वडा सचिवको नाम, थर र दस्तखत

वडा अध्यक्षको नाम, थर र दस्तखत

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ९५ मिति २०७७/०८/११
को निर्णय प्रमाणित।

२. आयोजना अनुगमन प्रतिवेदनको ढाँचा

# वीरेन्द्रनगर नगरपालिका

## ..... नंवडा . कार्यालय

*वीरेन्द्रनगर, सुर्खेत*

मितिः

पत्र संख्याः२०७७।०७८

चलानी नं .

मितिः २०७७/ /

**विषयः आयोजना अनुगमन प्रतिवेदन पेश गरेको सम्बन्धमा।**

**श्री संयोजक ज्यू**

**अनुगमन तथा सुपरिवेक्षण समिति**

**वीरेन्द्रनगर नगरपालिका, सुर्खेत।**

प्रस्तुत विषयमा यस वडामा चालू आ.ब. २०७७/०७८ मा संचालित निम्नानुसार योजना तथा कार्यक्रम यस वडाका तपशिलका पदधिकारीहरुद्वारा स्थलगत अनुगमन गरि योजना फरफारक प्रयोजनार्थ यो प्रतिवेदन पेश गरेका छौं ।

योजनाको नाम ....................................

विषयगत क्षेत्र ......................................

लागत अनुमान ....................................

निर्माण प्रकृया .....................................

विनियोजित रकम ................................

सिफारिस भएको विल भुक्तानी (प्रथम, दोश्रो, अन्तिम विल)

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ५६ मिति २०७७/०८/११
को निर्णय प्रमाणित।

Scanned with CamScanner

हालको अवस्था ..............................................................................................................

वडा स्तरीय अनुगमन समितिको सिफारिस ...........................

अनुगमन मिति ...............

<u>**अनुगमनकर्ता (अनुगमन टोली)**</u>

१. वडा अध्यक्ष श्री ......................................
२. वडा सदस्य श्री ......................................
३. वडा सदस्य श्री ......................................
४. वडा सदस्य श्री ......................................
५. वडा सदस्य श्री ......................................
६. वडा सचिव श्री .....................................
७. सम्बन्धित प्राविधिक श्री .............................

बीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या ५६ मिति २०७६।०८।११
को निर्णय प्रमाणित।

Scanned with CamScanner

**निर्णय नं. ४** : यस नगरपालिकाका देहायका वडाहरुमा गत विगतमा कन्टेजेन्सी, फोहरमैला व्यवस्थापन, ब्याक हो लोडर आम्दानी तर्फको खर्च रकम लगायतका विभिन्न आयोजनाहरुको २०७७ साल श्रावण मसान्त भित्रमा पेश भएका बिल भर्पाईहरुको मात्र बाँकी रकम चालु आर्थिक वर्षको योजना तथा कार्यक्रममा थप गरी चालु आर्थिक वर्ष कै कोरोना व्यवस्थापन खर्च शिर्षकबाट रु.१२,७९,०००।– सम्बन्धित शीर्षकमा रकमान्तर गरी खर्च भूक्तानी हुने गरी आवश्यक व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने । **देहाय**

| **वडा न.** | **आयोजना** | **रकम (रु)** |
|---|---|---|
| ३ | फोहरमैला व्यवस्थापन खर्च | २,५०,०००।– |
| ६ | फोहरमैला व्यवस्थापन खर्च | ३,५०,०००।– |
| ९ | कृषि टनेल निर्माण | ९०,०००।– |
| १० | बौद्धिक टोल नाला निर्माण | १,५८,०००।– |
| ११ | स्मार्ट टि भि जडान | १२,०००।– |
| १३ | ब्याक हो लोडर मर्मत | १,३९,०००।– |
| १५ | कार्यालय सुधार | ४०,०००।– |
| १६ | विभिन्न सडक मर्मत सुधार | २,४०,०००।– |
| **जम्मा रकम** | | **१२,७९,०००।–** |

**निर्णय नं. ५** : (क) यस नगरपालिकाको स्वास्थ्य सेवा नियमावली,२०७७ को नियम ५० को अनुगमन समितिको संयोजक कार्यपालिका उप– प्रमुख श्री मोहनमाया ढकाललाई तोक्ने ।

(ख) एम्बुलेन्स सेवा संचालन कार्यविधि,२०७७ को दफा ५ (ग) बमोजिमका सदस्यहरु देहाय अनुसार चयन गर्ने ।

१.वडा न. १ अध्यक्ष श्री गंगाराम सुनार

२.वडा न. ९ अध्यक्ष श्री सुरेश मान्नधर

३.कार्यपालिका सदस्य श्री सरिता चौधरी

(ग) नगरपालिकाको सिटी बसपार्क संचालन तथा व्यवस्थापनको हालसम्म भए गरेका कार्यहरु बैठकमा जानकारी गरियो ।

(घ)मिति २०७७ मंसिर १५ देखी बसपार्कको भाडा रकम लागु हुने गरी बसपार्क संचालन गर्ने विषय बैठकमा गरियो ।

वीरेन्द्रनगर कार्यपालिकाको
बैठक संख्या.४६ मिति २०७७/०८/११
को निर्णय प्रमाणित

Scanned with CamScanner

(ङ) बसपार्क भित्र साविक देखि संचालनमा रहेको र यस अघि टिकट काउन्टर वितरण गर्न बाँकी म.प जिप तथा ट्याक्सी यातायात प्रा.ली लाई कार्यालयले निरिक्षण गरी उपयुक्त स्थानमा काउन्टर उपलब्ध गराउने ।

(च) यस नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ का लागि स्वीकृत देहायका योजनाहरु विभिन्न कारणले संशोधनका वडा कार्यालय मार्फत पेश भएकोमा सो को समर्थन गर्ने ।

**देहाय**

| वडा न | स्वीकृत योजना | संशोधित योजना | रकम |
|---|---|---|---|
| ११ | पेज न ६९ बुँदा न ३ को सामाजिक विकास तर्फको दलित, मुस्लिम, जनजाती एकल र अन्य महिलाहरुको लागि सिलाई कटाई कार्यक्रम | बेमौसमी तरकारी खेतीका लागि प्लाष्टिक टनेल वितरण | ३,००,०००। |

बैठक संख्या ५६ मिति २०७७/०८/११
को निर्णय प्रमाणित।

Scanned with CamScanner